नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११८४४
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

प.सं. :
च.नं. :

मितिः २०८३/०१/०४

## प्रेस विज्ञप्ति

नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले देशको ऊर्जा सुरक्षा, जलस्रोतको दिगो व्यवस्थापन र सिंचाइ प्रणालीको आधुनिकीकरणका लागि ३२ बुँदे निर्देशन जारी गरेको छ। माननीय मन्त्रीस्तरबाट मिति २०८३ वैशाख ३ मा स्वीकृत यस निर्देशनले मन्त्रालय, मातहतका निकायहरू तथा सम्बन्धित निकायका लागि स्पष्ट समयसीमा सहितको कार्यसूची तय गरेको छ। ऊर्जा क्षेत्रमा व्यावसायिकता, पारदर्शिता र उपभोक्ता केन्द्रित सेवालाई उच्च प्राथमिकता दिँदै संरचनात्मक सुधारको मार्गप्रशस्त गरेको छ।

यस अन्तर्गत ३० दिनभित्र ओपन एक्सेस र व्हीलिङ चार्जको कार्यविधि लागू गर्ने, विचाराधीन पीपीएहरूको वर्गीकरण गरी निकास दिने र नेपाल पावर ट्रेडिङ कम्पनी मार्फत विद्युत निर्यातको ठोस मार्गचित्र प्रकाशन गर्ने मुख्य लक्ष्य राखिएको छ।

प्रसारण र अनुमतिपत्र व्यवस्थापनमा पारदर्शिता ल्याउन लाइसेन्स पर्फमेन्स ड्यासबोर्ड र उपभोक्ताका लागि २४ सै घण्टा उपलब्ध हुने एआई साथी सेवा सुरु गरिनेछ। जलाशययुक्त आयोजनाको अनुमतिपत्र अवधि ५० वर्ष कायम गरिनुका साथै जलवायु परिवर्तनको प्रभावलाई सम्बोधन गर्न हाइड्रोलोजिकल सिरिज अद्यावधिक र जरिवाना व्यवस्थाको पुनरावलोकन गरिनेछ। अन्तरदेशीय जलस्रोतका मामिलामा नेपालको प्राविधिक अडान मजबुत बनाउन जल तथा ऊर्जा आयोगमा अन्तरदेशीय जलस्रोत एकाइ स्थापना गरिनेछ भने जल तथा मौसम विज्ञान विभागले ७ दिनभित्र प्रमाणित तथ्याङ्क उपलब्ध गराउने प्रणाली विकास गर्नेछ।

सिँचाइ क्षेत्रतर्फ बबई, भेरी-बबई र सिक्टा जस्ता राष्ट्रिय गौरवका आयोजनाहरूलाई निर्धारित समयमै सम्पन्न गर्न थप स्रोत र अनुगमन सुनिश्चित गरिनेछ। महाकाली सिँचाइका लागि टनकपुरबाट पानी प्राप्त गर्न तत्काल कूटनीतिक पहल गरिने र सुनकोशी-मरिन डाइभर्सनको पुनः खरिद प्रक्रिया अघि बढाइ १२० दिनभित्र ठेक्का सम्झौता सम्पन्न गरिनेछ। सिँचाइलाई कृषि तथा उद्योगसँग जोड्न कन्भर्जेन्स प्लान र तराई-मधेशका लागि विशेष खडेरी उत्थानशीलता रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

*नोटः मा. मन्त्रीज्यूबाट जारी भएको निर्देशनको विस्तृत विवरण मन्त्रालयको वेबसाइटमा उपलब्ध छ।*

(सन्दीप कुमार देव)
सहसचिव एवं प्रवक्ता